## आफ्नो घरलाई नयाँ रूप दिँदा वा मर्मत गर्दा सम्भावित लेड सम्पर्कलाई कम गर्न:

- तपाई वा तपाईंको घरधनीले लेड सरक्षाको **लागि** EPA द्वारा प्रमाणित मर्मतकर्तालाई काममा लगाउनुपर्छ।
- EPA वेबसाइट *www.epa.gov/lead/protect-your-family-lead-your-home* मा जानुहोस् र "आफ्नो परिवारको सुरक्षा गर्नुहोस्" नामक पुस्तिका पढ्नुहोस्।

अतिरिक्त सिफारिसहरू यहाँ पाउन सकिन्छ: *www.epa.gov/lead* वा *www.cdc.gov/nceh/lead*

थप जानकारीका लागि**,**
आफ्नो पारिवारिक चिकित्सकलाई वा यहाँ सम्पर्क गर्नुहोस्:

एलिगेनी काउंटी स्वास्थ्य विभाग
**(Allegheny County Health Department)**
Housing and Community Environment Program
3190 Sassafras Way, Pittsburgh, PA
**412-350-4046**
*www.achd.net/lead*

**412-687-ACHD (2243)**
*www.achd.net/lead*

## अन्य उपलब्ध स्रोतहरू:

### एलिगेनी काउंटी आर्थिक विकास

एलिगेनी लेड सुरक्षित घर कार्यक्रमले लेड युक्त रङबाट परिवारहरूलाई सुरक्षित राख्न निःशुल्क घर मर्मत सेवा प्रदान गर्दछ।

योग्य हुनका लागि:

- उक्त परिवार एलिगेनी काउंटीका घर मालिक वा बहालवाला हुनुपर्दछ;
- उक्त परिवार सन् 1978 अघि बनेको घरमा बसेको हुनुपर्दछ;
- उक्त घरमा बस्ने वा नियमित रूपमा त्यहाँ जाने 6 वर्ष मुनिको बच्चा वा उक्त घरमा गर्भवती महिला हुनुपर्दछ; र
- उक्त परिवारले लागू हुने आम्दानी सीमा पूरा गर्नुपर्दछ।

यस कार्यक्रमले योग्य परिवारहरूलाई निम्न सेवाहरू निःशुल्क प्रदान गर्दछ:

- तपाईंको घरमा लेड युक्त रङको परीक्षण
- सबै लेड जोखिमहरूलाई सम्बोधन गर्न घरको मर्मत
- लेड सुरक्षा सम्बन्धी शिक्षा

तपाई योग्य हुनुहुन्छ कि हुनुहुन्न भनी थाहा पाउन Action Housing लाई **412-227-5700** मा सम्पक गर्नुहोस् र आफ्नो नाम लेखाउनुहोस् । तपाईंले यो वेबसाइट पनि हेर्न सक्नुहुन्छ: *www.alleghenycounty.us/leadsafeprogram*

राष्ट्रिय लेड जानकारी केन्द्र **(National Lead Information Center, NLIC)** हटलाइनले लेड, लेड सम्बन्धी जोखिम र तिनीहरूको रोकथामको बारेमा सर्वसाधारण र व्यावसायिक व्यक्तिहरूलाई जानकारी प्रधान गर्दछ।

जानकारीका लागि **1-800-424-LEAD (5323)** मा सम्पक गर्नुहोस्।

001-LD-07/21



# लेड

**यो हाम्रो दैनिक जीवनमा सामान्य रूपमा पाइने एक न्यूरोटक्सिन हो।**

- **धेरै स्रोतहरूबाट लेडको सम्पर्कमा आउन सकिन्छ: रङको धूलोमा समावेश लेड, रङका पाप्रा, दूषित माटो र पानी। श्रृंगारका सामान, रङ लगाइएका सेरामिक र केही देशमा बनेका चक्लेटहरू पनि लिड एक्सपोजरका स्रोतहरू हुन सक्छन्।**
- **यो विशेषतः बालबालिका र गर्भवती महिलाहरूका लागि हानिकारक हुन्छ। लामो समयसम्म कम डोजको सम्पर्कले तपाईंको बच्चाको मानसिक र शारीरिक स्वास्थ्यमा असर गर्न सक्छ।**
- **लेडको सम्पर्कलाई रोकथाम गर्न सकिन्छ। तपाईंले आफ्नो घरलाई लेडबाट सुरक्षित बनाउन सक्नुहुन्छ।**

तपाईंको बच्चा **लेडको** सम्पर्कमा आएको छ वा छैन भनी परीक्षण गराउनुहोस्!

## एलिगेनी काउंटीले करिब 9-12 महिनाका र फेरि करिब 24 महिना पुगेका सबै बालबालिकामा लेडको परीक्षण गराउन आवश्यक गरेको छ।

24 महिना पुग्नु अघि आफ्नो रगत परीक्षण नगराएका बालबालिकाले सम्भव भएसम्म छ वर्ष पुग्नु अघि वा किन्डरगार्टेनमा भर्ना हुनु अघि, यी दुई अवस्था मध्ये जुन छिटो आउँछ तब आफ्नो रगत परीक्षण गराउनुपर्छ।



### मेरो बच्चाको परीक्षण कसरी गरिनेछ?

चिकित्सकले क्यापिलरी जाँच ("औंलामा घोचेर" रगतको नमूना लिने) वा भेनस जाँच (पाखुराबाट रगतको नमूना लिने) सिफारिस गर्नुहुनेछ।

### परीक्षणका परिणामहरूको अर्थ के हो?



क्यापिलरी जाँच राम्रो परीक्षण हो तर यदि परिणाम 5µg/dL वा यो भन्दा माथी देखियो भने, परिणाम पुष्टि गर्न भेनस जाँच गर्नैपर्छ।

यदि तपाईंको बच्चाको रगतमा 5 µg/dL वा यो भन्दा बढी लिडको मात्रा देखियो भने, ACHD ले बच्चाको लेड सम्पर्कको स्रोत पत्ता लगाउन तपाईंको घरको परीक्षण तथा मूल्यांकन गर्न सक्छ।

थप जानकारीका लागि कृपया **Housing and Community Environment Program** लाई **412-350-4046** मा फोन गर्नुहोस्।

### लेडको बारेमा सचेत हुन मलाई किन जरूरी छ?

- संयुक्त राज्य रोग नियन्त्रण तथा रोकथाम केन्द्र (US Centers for Disease Control and Prevention, CDC) का अनुसार बालबालिकामा सुरक्षित रक्त लेड स्तर पहिचान गरिएको छैन।
- रगतमा रहेको सानो लेडको मात्राले पनि IQ, ध्यान दिने क्षमता, शैक्षिक उपलब्धि र आपराधिक व्यवहारमा असर पारेको देखिन्छ।
- बच्चाहरूले आफ्नो मुखमा जे पनि हाल्ने भएकाले विशेषत: साना बालबालिका बढी जोखिममा छन्।

### मेरो बच्चालाई लेडको सम्पर्कमा आउनबाट म कसरी जोगाउन सक्छु?

*यदि तपाईं सन् 1978 अघि बनेको घरमा बस्नुहुन्छ भने:*

- आफ्नो बच्चालाई बिग्रेको, पाप्रा निस्किएको वा उक्किएको रङबाट टाढा राख्नुहोस्।
- घरमा हुने धूलोमा लेडका कणहरू हुन सक्छन्। पानी नछम्की धूलो टकटक्याउने र बडानाले यसलाई झनै फैलाउँछ।
- कम्तीमा हप्तामा एकपटक झ्यालका चौकोसहरू र भुईं जस्ता धूलो जम्मा हुने समतल सतहहरू र विशेषगरी बालबालिका खेल्ने वा समय बिताउने क्षेत्रहरूमा सफा गर्न भिजेको टालो वा पोछाको प्रयोग गर्नुहोस्।
- लगभग सबै पसलहरूमा पाइने HEPA फिल्टर भएको भ्याक्युम क्लिनरको प्रयोग गर्नुहोस्।
- आफ्नो बच्चाको खेलौना र हातहरू नियमित रुपमा धोइदिनुहोस् र विशेषगरी खाना खानु पूर्व उनीहरूको हात धोइदिनुहोस्।
- आफ्नो बच्चालाई झ्यालको चौकोस वा अन्य रङ लगाइएका वा वार्निश गरिएका सतहहरूमा मुखले छुन नदिनुहोस्।







### माटोबाट हुने सम्भावित लेड सम्पर्कलाई कम गर्न:



- घाँस रोप्नुहोस् वा खुला माटोलाई ढाक्नुहोस्।
- खुला माटो भएका क्षेत्रहरूबाट आफ्ना बालबालिकालाई टाढा राख्नुहोस्।

### पानीबाट हुने सम्भावित लेड सम्पर्कलाई कम गर्न:

- तपाईंको पानीको मिटरमा लेडले बनेको पाइप जोडिएको छ कि भनी हेर्नुहोस्। तपाईंले बाहिरबाट पानीआउनेमुख्यपाइपमासिक्कालेकोरेरयसोगर्नसक्नुहुन्छ।यदियोचम्किलोरकडाछभने,योतामाहो। यदियोखरानी/चाँदीरङकोरनरमछभने,योलेडहुनसक्छ।तलकोलिंकमाथपजानकारीदिइएकोछ: ***https://apps.npr.org/find-lead-pipes-in-your-home/en/#intro***
- आफ्नो घरको पानीको जाँच गराउनुहोस्।
- विशेषत: बच्चाको फर्मुला र गर्भवती महिलाहरूका लागि NSF द्वारा प्रमाणित फिल्टर वा बोतलको पानीको प्रयोग गर्नुहोस्।
- पिउनका लागि वा खाना पकाउनका लागि चिसो पानी आउने धाराको पानी मात्र प्रयोग गर्नुहोस्। यदि तपाईंले केही घण्टादेखि धाराको प्रयोग गर्नुभएको छैन भने 2 वा 3 मिनेटसम्म पानी खोलेर छोड्नुहोस्।
- अतिरिक्त जानकारी र CDC निर्देशिका तलको लिंकमा पाउन सकिन्छ ***https://www.cdc.gov/nceh/lead/tips/water.htm*** ।
- जानकारीका लागि घर बासिन्दाहरूले आफ्नो पानी प्रणाली विभागलाई पनि सम्पर्क गर्न सक्छन्।



### यदि तपाईंको काम वा रुचि लेडसँग सम्बन्धित छ भने लेडको सम्भावित सम्पर्कलाई कम गर्न:

- घर जानुभन्दा पहिले नुहाएर लुगा फेर्नुहोस्।
- काममा वा आफ्नो रुचिको क्रियाकलाप गर्दा लगाउने कपडालाई परिवारका अन्य सदस्यका कपडाहरूबाट अलग राखेर धुनुहोस्।

